AUSCO

# अष्ट्रेलियन सांस्कृतिक अभिमुखीकरण कार्यक्रम

## पैसा


सजिलोसँग पढ्ने



अर्थतन्त्र भनेको अष्ट्रेलियाले बनाउँने र प्रयोग गर्ने सामान, सेवा र पैसाको कुल मात्रा हो।



अष्ट्रेलियामा स्वतन्त्र बजार अर्थतन्त्र छ।



यसको मतलब वस्तुहरू र सेवाहरू प्रदान गर्ने व्यक्तिले मूल्यको निर्णय गर्छ।



अष्ट्रेलियामा एक कुशल कार्यबल छ।



यसको मतलब मानिसहरूसँग र तिनीहरूसँग उनीहरूको कामसँग सम्बन्धित विशेष सीप र ज्ञान छ।




अष्ट्रेलियाको अर्थतन्त्र चालु राख्न त्यहाँ महत्त्वपूर्ण उद्योगहरू छन्:

- खानी



- खेती



- उत्पादन – सामान बनाउने




- सेवाहरू

## अष्ट्रेलियन पैसा




अस्ट्रेलियन डलर अष्ट्रेलियाको मुद्रा हो।



तपाईंले निम्न ठाँउहरूबाट आफ्नो देशको पैसासँग अष्ट्रेलियन डलर साट्न सक्नुहुन्छ:



- विमानस्थल
- मुद्रा एक्सचेंजहरू




- प्राय: बैंकहरू







तपाईंले उनीहरूलाई आफ्नो पासपोर्ट वा यात्रा कागजातहरू देखाउन आवश्यक पर्दछ।

# भुक्तानी तथा सेवाहरू




जब तपाईं पहिलोपटक अष्ट्रेलियामा आइपुग्नु हुन्छ तलका मानिसहरुसंग सेन्टरलिंक (Centerlink) जानुहुनेछ।

- केसवर्कर



- प्रस्तावक




तिनीहरूले तपाईंलाई दर्ता गर्न मद्दत गर्नेछन्:

- आम्दानी सहयोग भुक्तानी – सरकारबाट तपाईंलाई सहयोग गर्ने पैसा
- तपाईंले प्रयोग गर्न सक्नुहुने अन्य सेवाहरू




तपाईंलाई Centrelink निम्न कागजात देखाउन आवश्यक छ:

- तपाईंको पहिचान को प्रमाण – तपाईं को हुनुहुन्छ – जस्तै तपाईंको पासपोर्ट वा यात्रा कागजात




- बैंक खाता विवरणहरू




Centrelink ले तपाईंको बैंक खातामा सिधा रकम भुक्तानी गर्न सक्छ।




जब तपाईंले जागिर गर्नु हुन्छ तपाईंको रोजगारदाताले तपाईंको बैंक खातामा पनि सिधा रकम भुक्तानी गर्न सक्छ।

## बैङ्कीङ्ग




जब तपाईं पहिलो पटक आष्ट्रेलियामा पुग्नु हुन्छ तपाईंले बैंक खाता खोल्न आवश्यक हुनेछ।




तपाईं बैंक छनौट गर्न सक्नुहुन्छ र तपाईंले तलका व्यक्तिबाट मद्दत प्राप्त गर्न सक्नुहुन्छ:

- केसवर्कर



- प्रस्तावक




तपाईंले बैंकलाई दिन आवश्यक छ:


- तपाईंको पहिचानको प्रमाण जस्तै तपाईंको पासपोर्ट वा यात्रा कागजात



- तपाईंको ठेगाना विवरण – तपाईं जहाँ बस्नुहुन्छ




- तपाईंको कर फाइल नम्बर (Tax File Number - TFN)



अष्ट्रेलियामा धैरे मानिसहरुले प्रयोग गर्दछन्।

- इलेक्ट्रोनिक बैंकिंग
- इन्टरनेट बैंकिंग




बैंकले तपाईंलाई दिनेछ:

- एक बैंक कार्ड




- तपाईंले बैंक कार्ड प्रयोग गर्न चाहिने व्यक्तिगत पहिचान नम्बर (Personal Identification Number - PIN)



तपाईंले आफ्नो पिन गोप्य राख्नुपर्दछ – त्यो कसैलाई नभन्नुहोस् ।




तपाईंले बैंकलाई तुरन्तै खबर गर्न आवश्यक छ, यदि तपाईंको कार्डः

- हरायो भने
- चोरी भयो भने




तपाईंको कार्ड चाहिन्छ:

- डिपोजिट गर्न – पैसा जम्मा गर्न




- झिक्न – पैसा निकाल्न



तपाईं कार्ड निम्न ठाउँमा प्रयोग गर्न सक्नुहुन्छ:

- स्वचालित टेलर मिसिनहरु (Automatic Teller Machines - ATMs) मा




- बैंकहरूमा




- पसलहरूमा

## पैसाको व्यबस्थापन




अष्ट्रेलियामा बस्न धैरै पैसा खर्च हुन सक्छ।




तपाईंले तिर्नु पर्ने निम्न बिलहरूको भुक्तानी गर्न धैरै रकम खर्च हुन सक्नुहुन्छ:

- घरभाडा



- खाना




- सेवाहरू
    - पानी
    - ग्याँस
    - बिजुली
    - टेलिफोन




तपाईंले पहिलो पटक अष्ट्रेलियामा बसोबास गर्दा बिलहरूमा धेरै रकम खर्च गर्नुहुनेछ।



जब तपाईं अष्ट्रेलियामा पुनर्वास गर्नु हुन्छ:

- तपाईंको आय पहिले भन्दा बढी वा कम हुनसक्छ




- तपाईंको बिलहरू अघि भन्दा बढी हुनसक्छ




तपाईंले सम्भव छ:

- पैसा चलाउने तरिका परिवर्तन गर्नुहोस्
- तपाईंको नयाँ जीवनसँग सुहाउने बजेट बनाउनुहोस्



बजेट राख्दा तपाईंलाई थाहा हुन्छ कि कति पैसाः

- तपाईंसँग छ



- तपाईं खर्च गर्न सक्नुहुन्छ



- तपाईं बचत गर्न सक्नुहुनेछ




तपाईंले सिक्न सक्नुहुने केही राम्रा बानीहरू:

- बजेट लेख्दा तपाईंलाई थाहा हुन्छ कि तपाईंलाई कति पैसा चाहिन्छ र तपाईंलाई आवश्यक पर्दछ




- रसिदहरू राख्नुहोस् ताकि तपाईं जान्नुहुन्छ कि तपाईं कति पैसा खर्च गर्नुहुन्छ




- तपाईंको बैंक खाताको नियमहरू जान्नुहोला र पछ्याउनुहोस् ताकि तपाईंले अतिरिक्त शुल्क तिर्न नपरोस्





- तपाईंले पैसा तिर्न सक्नुहुन्न भने क्रेडिट वा क्रेडिट कार्डहरू प्रयोग नगर्नुस



- पहिलो पटक देख्ने बित्तिकै सामानहरू खरीद गर्ने प्रयास नगर्नुहोस् – सोच्नुहोस् कि तपाईंलाई साँच्चै चाहिन्छ भनेर



- तपाईँको इन्टरनेट वा मोबाईल फोनहरूको प्रयोग कति गर्नुहुन्छ याद गर्नुहोस् – यसले धेरै खर्च हुन्छ सक्दछ




- तपाईंको खातामा पैसाको ट्र्याक राख्न टेलिफोन वा इन्टरनेट बैंकिंग प्रयोग गर्नुहोस्




तपाईंको बिल समयै तिर्न महत्त्वपूर्ण छ।




यदि तपाईं आफ्नो कर र बिलहरु समयमा तिर्नुहुन्छ भने अष्ट्रेलियामा तपाईंको राम्रो क्रेडिट इतिहास विकास गर्नुहुनेछ।




तपाईंलाई ऋण लिनको लागी राम्रो क्रेडिट इतिहास चाहिन्छ – पैसा सापटी।



तपाईंले कार वा घर खरीद गर्न ऋण चाहिन सक्छ।




घर किन्नको लागी लिईने ऋणलाई मोरगेज (बंधक) भनिन्छ।

## बिल भुक्तानी




तपाईंलाई सेवाहरू प्रदान गर्ने कम्पनीहरूले नियमित बिलहरू पठाउँछन्।




यसमा निम्न सेवाहरू समावेश छन्:

- पानी
- ग्याँस
- बिजुली
- टेलिफोन




तपाईंको बिलले तपाईंलाई तिर्नु पर्ने मितिलाई बताउनेछ।



तपाईंको बिल समयमा तिर्न महत्त्वपूर्ण छ।



यदि तपाईंको बिल भुक्तानी गरेको छैन भने:

- तपाईंको सेवालाई हटाउन सकिन्छ
- तपाईंलाई जरिवाना शुल्क लगाइनेछ




अधिक बिल भुक्तानी यसरी गर्न सकिन्छ:

- हुलाक कार्यालयहरूमा



- कम्पनीको कार्यालय वा पसलमा



- टेलिफोन वा इन्टरनेट बैंकिंग मार्फत



जब तपाईं नयाँ घर सर्नु हुन्छ तपाईंले निम्न कुराहरू गर्नु पर्छः

- तपाईंको पुरानो घरमा जडान गरिएको सेवाहरू काट्नुहोस्



- तपाईंको नयाँ घरमा सेवाहरू जडान गर्नुहोस्

## किनमेल




अष्ट्रेलियाका पसलहरूमा बिक्रीका वस्तुहरूको एक निश्चित मूल्य हुन्छ जुन तपाईंले तिर्नुपर्छ।

तपाईंले त्यो मूल्य तिर्न आवश्यक छ।




कम मूल्य प्राप्त गर्न मोलतोल गर्ने चलन सामान्य हैन।



यदि तपाईं कार जस्तो ठूलो सामान खरीद गर्दै हुनुहुन्छ भने तपाईंले मूल्यमा मोलतोल गर्न सक्नुहुनेछ।



केहि पसलले तपाईंलाई ठूला वस्तुहरू कम मूल्य दिनेछ यदि तपाईं:

- नगद भुक्तानी गर्नुहुन्छ



- एउटा भन्दा बढी खरिद गर्नुहुन्छ



अष्ट्रेलियाका मानिसहरू किनमेल गर्दा उनीहरू लाईनमा पर्खछन्।



लाईन मिचेर लाईनमा पर्खिरहेका व्यक्तिहरूको अगाडी बस्नु अभद्र हुन्छ।



कहिलेकाँही तपाईंले एक मेशिनबाट नम्बर लिने र आफ्नो पालोको प्रतीक्षा गर्नुपर्नेछ।

# खानेकुरा



प्रत्येक नगर र शहरमा विभिन्न पसलहरू छन् जहाँ तपाईं विभिन्न सामान किन्न सक्नुहुन्छ:

- खाना



- कपडाहरू



- तपाईंको दैनिक जीवनमा आवश्यक चिजहरू



तपाईं सुपरमार्केटहरूमा संसारका धेरै भागहरूबाट ल्याएका खाना किन्न सक्नुहुन्छ।



धेरै शहरहरूमा ताजा किन्ने बजारहरु हुन्छ:

- फलफूल



- सागसब्जिहरु



- मासु



- माछा




बजारहरूमा सामान्यतया मूल्यहरू कम छन् ।

## बाहिर खाने





तपाईं यहाँ संसार भरिका खाना खान सक्नुहुन्छ:

- रेस्टुरेन्टहरू



- क्याफेहरू



तपाईंसँग 'घर लिएर जाने अर्थात टेक अवे' वा 'फास्ट फूड' जस्ता धेरै छनौटहरू छन् – जुन पहिले नै पकाएका खानाहरू र खान तयार हुन्छन् ।



अष्ट्रेलियामा रेस्टुरेन्टहरूमा खानको लागि धेरै पैसा खर्च हुन सक्छ।



घरमा खाना पकाएर खान कम खर्च लाग्छ।

## कपडाहरू



अष्ट्रेलियामा तपाईंले रोज्नुभएका जस्तासुकै शैलीहरूका लुगा लगाउन सक्नुहुन्छ।

अधिकांश मानिसहरूले पश्चिमी शैलीका कपडाहरू लगाउँछन्।



तपाईं आफ्नो विशेष पोशाकहरू लगाउन सक्नुहुन्छ:

- सांस्कृतिक
- धार्मिक

### लुगाकपडा किनमेल



तपाईं कपडा र जुत्ता यहाँबाट किन्न सक्नुहुन्छ:

- ठूला विभाग पसलहरू (डिपार्टमेंट स्टोर)




- साना पसलहरू



कपडाको मुल्य यसमा निर्भर गर्दछ:

- शैली
- गुणस्तर
- ब्रान्ड नाम (पहिचान)



त्यहाँ पहिला प्रयोग भईसकेका कपडाहरू र जुत्ताहरू खरीद गर्ने पसलहरू पनि छन्, जुनः

- सफा हुन्छ
- राम्रो गुणस्तरको हुन्छ
- सस्तो हुन्छ – तिनीहरूको मूल्य कम छ



यी पसलहरू समुदायलाई सहयोग गर्न खटिएका मानिसहरूद्वारा चलाइएका हुन्छन्।



धैरै पसलहरूमा लुगा ठीक भए नभएको हेर्न लगाई हेर्ने सानो कोठाहरु हुन्छन्।

## स्कूल यूनिफर्म (पोशाक)



प्रायःजसो विद्यालयहरुमा बालबालिकाहरुले बालबालिकाहरूले लगाउने यूनिफर्म (पोशाक) हुन्छन्।




तपाईं विद्यालयको यूनिफर्म यहाँ किन्न सक्नुहुन्छ:


- विद्यालय





- तोकिएका पसलहरू – विद्यालयले तपाईंलाई बताउनेछ



प्राय: प्राथमिक विद्यालयहरूको बच्चाहरू बाहिर हुँदा टोपी लगाउनु पर्ने नियमहरू हुन्छ।



टोपीले बच्चाहरुलाई सूर्यको तापबाट जोगाउछ।



अष्ट्रेलियामा सूर्यको ताप धेरै कडा छ र यसले तपाईंको छाला जलाउन सक्छ।

Australian Government
Department of Social Services

अष्ट्रेलियन सामाजिक सेवा विभागको तर्फबाट अन्तर्राष्ट्रिय
आप्रवासन संगठन द्वारा प्रदान गरिएको

IOM • OIM